मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २०३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार १ गते मंगलवार (Tuesday, June 15. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

बाखा वितरण गर्दै वडाध्यक्ष कार्की: झापाको शिवसताक्षी नगरपालिका-६ले विपन्न महिलाको आयआर्जन बढाउन स्थानीय शिवगञ्ज महिला बाखापालन समूहमार्फत ५० सदस्यलाई सोमबार बाखा वितरण गर्दै वडाध्यक्ष मनोज खुलाल कार्की ।

तस्वीर : यज्ञराज आङ्देम्बे/रासस

मनसुनजन्य विपद्

जोखिम पहिचान गरी मुलुक प्रतिकार्यमा केन्द्रित

काठमाडौं, जेठ ३१। नेपालमा वर्षायाम भित्रिएसँगै विगतको अनेभवको आधारमा मनसुनजन्य विपद्को जोखिम क्षेत्र पहिचान गरी प्रभावकारी प्रतिकार्य योजना बनाएर लागू गरिएको छ । मुलुक नै अहिले जोखिम न्यूनीकरण र प्रतिकार्य योजनामा केन्द्रित भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कतिपय जिल्लामा वडास्तरीय रुपमै पहिराको जोखिम पहिचान गरी क्षति न्यूनीकरणका तयारी थालिएको छ । यसपालि बढी पानी पर्ने पूर्वानुमानसँगै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माण गरिएको र स्थानीय तह, प्रदेश सरकार तथा सम्बद्ध सङ्घ-संस्थासँगको समन्वयमा आवश्यक तयारी थालिसकिएको छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल गत सालको अनुभवको आधारमा समीक्षा गर्दै आगामी दिनका पूर्वतयारीका कार्यक्रम अपनाइएको बताउँछन् । 'विगतमा बाढीको पूर्वतयारी राम्रो भए पनि पहिराको पूर्वतयारी प्रभावकारी नभएको पाइयो, चाहिने स्रोतसाधन जिल्लामा पुगेको पाइएन'- पोखरेलले भने- 'अब त्यसलाई विशेष ध्यान दिएर तयारीका काम थालेका छौं ।' बाढीमा जसरी पूर्वसूचना प्रणाली छ, अहिले पहिरोका लागि पनि पूर्वसूचना प्रणाली नमूनाका रूपमा नौ जिल्लामा लागू गर्न लागिएको उनले बताए ।

गत वर्ष अप्रत्यासित रूपमा आएको मनसुनजन्य विपद्बाट ४०० बढी मानिसको मृत्यु भएको थियो । एक हजार १०० बढी परिवार प्रत्यक्ष प्रभावित भएका थिए । पहिरो मात्रै ४०० भन्दा बढी खसेको थियो । गत साल कतिपय क्षेत्रमा हेलिप्याडको व्यवस्था समेत नभएको अवस्थामा नेपालका सबै वडामा हेलिप्याड व्यवस्थापनमा समेत जोड दिइएको छ । विगतकै अनुभवको आधारमा अन्य उद्धार सामग्रीको व्यवस्थापनका लागि आधारभूत काम गरिएको छ ।

प्राधिकरणका अनुसार क्षति भएकाको हकमा विगत लामो प्रयासबाट पुनःनिर्माण र पुनःस्थापनाका कार्यक्रम तत्कालै शुरु गर्न सक्ने भएको छ । तथ्याङ्क विष्लेषणको आधारमा कसरी पूर्वतयारी गर्न सकिन्छ भनेर अन्तरक्रिया र छलफल चलाएर सुझाव समेत लिइएको छ ।

राहत तथा उद्धार सामग्री ठाउँठाउँमा पुऱ्याउन र तयारीमा लाग्न प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री खगराज अधिकारीबाट स्पष्ट निर्देशन आएकाले सोहीअनुसार तयारीमा जुटेको पोखरेल सुनाउँछन् ।

सरकारबाट कुनै पनि काममा ढिला नहोस् भनेर सम्बद्ध निकायलाई निर्देशन गएको छ । सबै विपद्जन्य घटना सम्बोधनका लागि एकीकृत कार्यविधि बनाउने प्रक्रियामा अघि बढेको समेत उनले जानकारी दिए । बजेटको अभावमा कुनै पनि काम प्रभावित नहुने समेत उनले स्पष्ट पारे । विपद्मा उद्धार राहत गर्नुपर्ने अवस्थामा आवश्यक व्यवस्थापकीय सामग्री भण्डारण, बाढी र कोभिड तथा पहिरो र कोभिडको जोखिम कस्तो छ ? कुनकुन जिल्लामा कस्तो प्रभाव पर्न सक्छ भन्ने छुट्याएर सरोकारवालासँगको समन्वयमा प्रतिकार्य योजना तयार पारेको प्राधिकरणका सहसचिव विश्वप्रकाश अर्यालले जानकारी दिए ।

नेपालमा पहाडी जिल्ला पहिरो र तराईका जिल्ला बाढीबाट बढी प्रभावित छन् । हिमाली क्षेत्र हिउँ पहिरो र हिमपातबाट प्रभावित हुन्छ । नेपालमा भिरालो जमीन, कमजोर भौगोलिक अवस्था, यत्रतत्र सडक खन्ने काम, जोखिम क्षेत्रमा बसोवास, अव्यवस्थित शहरीकरण, डढेलो तथा अव्यवस्थित वन, प्लटिङ्ग, प्राकृतिक सम्पदाको दोहन, जलवायु परिवर्तन, वहुप्रकोपको प्रभाव र चेतनाको अभावले मनशुनजन्य विपद्लाई बढावा दिइरहेको विज्ञहरूले औंल्याएका छन् ।

यसवर्ष मुलुकभर नै सरदरभन्दा बढी पानी पर्ने अनुमान गरिसकिएको छ । त्यसमध्ये पनि उच्च हिमाली र पहाडी जिल्ला बढी पानी पर्ने आँकलन छ । यसपालि मनसुनका बेला १८ लाख बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ । यसपालि प्राधिकरणले नौ जिल्लाका ३६ पालिकामा प्रभावमा आधारित मनसुन पूर्वसूचना

(बाँकी अन्तिम पृष्ठमा)

झापाका स्थानीय तह विपद् व्यवस्थापनको पूर्वतयारीमा

झापा, जेठ जेठ ३१। कोरोना महामारीका सामना गरिरहेका झापाका स्थानीय तहले बाढीका कारण उत्पन्न हुन सक्ने विपद् व्यवस्थापनको पूर्व तयारीमा जुटेका छन् ।

मनसुनी वर्षा शुरु भएसँगै झापाका अधिकांश स्थानीय तह डुवान र कटानको चपेटामा पर्ने भएकाले क्षति न्यूनीकरण र रोकथामका लागि आवश्यक स्रोत साधानको व्यवस्थापनमा लागिसकेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले बताए । जिल्लामा कनकाई, विरिङ, रतुवा, कमल, निन्दा, मेचीलगायत २८ वटा साना ठूला नदीहरू रहेका छन् । हिउँदमा साना देखिए पनि वर्षायाममा बाढी आउँदा यी नदीबाट विगतमा ठूलो धनजनको क्षति हुँदै आएको छ ।

बाढी र कटानबाट हुन सक्ने धनजनको क्षति न्यूनीकरणका लागि स्थानीय तहहरूलाई पर्याप्त स्रोत साधानको व्यवस्था गर्न, त्यस क्षेत्रका बासिन्दालाई उद्धार गरेर सुरक्षित वासस्थानलगायत आवश्यक सुरक्षा सामग्रीको व्यवस्था गर्न आग्रह गरिसकेको प्रजिअ तिम्सिनाले बताए ।

जिल्लाको उत्तरी क्षेत्रभन्दा दक्षिणी क्षेत्रमा बढी डुवान र कटान हुने गरेको नेपाल रेडक्रस सोसाइटी

(बाँकी अन्तिम पृष्ठमा)

झापाका महिला नेतृ भन्छन्-

स्थानीय तहको बजेट लक्षित वर्गसम्म पुगेन



बिर्तामोड, जेठ ३१। झापाका महिला नेतृहरुले स्थानीय तहले बजेट निर्माण गर्दा लक्षित वर्गलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् ।

स्थानीय सरकारको आगामी नीति तथा कार्यक्रममा महिला आत्मनिर्भर रोजगार र सशक्तिकरण र अपाङ्गताका लागि कर छुट सहुलियत सम्बन्धमा संवाद समूहको सचिवालयले सोमबार आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा बोल्दै महिला नेतृहरुले अझै पनि बजेट महिला तथा अपाङ्गमैत्री हुन नसकेको भन्दै स्थानीय तथा जनप्रतिनिधिलाई यो विषयमा ध्यानाकर्षण गराउनुपर्नेमा जोड दिएका हुन् ।

बिर्तामोड-५की वडा सदस्य हर्कमाया विकले अझै पनि महिला तथा लक्षितवर्ग

(बाँकी अन्तिम पृष्ठमा)

दमकमा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या २३ पुग्यो

दमक, जेठ ३१। दमकमा कोरोनाको दोस्रो भेरियन्ट यता संक्रमणबाट मृत्यु हुनेको सङ्ख्या २३ पुगेको छ ।

दमक-५का एक पुरुषको आइतबार मृत्यु भएसँगै दमकमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या २३ पुगेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । दमकमा कोरोनाको दोस्रो भेरियन्टबाट हालसम्म कूल एक हजार १३७ जना सङ्क्रमण मुक्त भइसकेका पनि स्वास्थ्य शाखाका कुबेर भट्टराईले जानकारी दिए ।

दमकमा पीसीआर तथा एन्टिजेन परीक्षणमार्फत हालसम्म कूल एक हजार ५१२ जनामा कोरोनाको दोस्रो भेरियन्ट पुष्टि भइसकेको छ । तीमध्ये महिलाको सङ्ख्या ७३२ छ । दमकमा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ३५२ रहेको र होम आइसोलेशनमा रहेकाको सङ्ख्या ३४७ रहेको स्वास्थ्य शाखाले जनाएको छ । नगरपालिकाले हालसम्म एक हजार १४६ जनाको निःशुल्क पीसीआर परीक्षण गरेको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार झापामा आइतवारसम्म कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ३०० पुगेको छ भने सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार ४६४ रहेको छ । जिल्लामा कूल सङ्क्रमितको सङ्ख्या १२ हजार २४२ पुगेको छ । कोरोना सङ्क्रमणबाट जिल्लाको दमकसहित बिर्तामोड, भद्रपुर र मेचीनगर बढी प्रभावित भएको पाइएको छ ।

विषाक्त मदिरा सेवनबाट आठ जनाको मृत्यु

झापा, जेठ ३१। सर्लाही जिल्लाको पडरिया गाउँमा सञ्चालित भट्टी पसलमा मदिरा सेवन गरेका आठ जनाको मृत्यु भएको छ ।

नेपाल-भारत सीमावर्ती क्षेत्रमा पर्ने सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-५, पडरिया गाउँमा चार दिनमा तीन भारतीय नागरिकसहित आठ जनाको मृत्यु भएको हो । उनीहरु सबैको विषाक्त घरेलु मदिरा सेवनबाट भृत्यु भएको जिल्ला अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. नवलकिशोर झाले जानकारी दिए ।

यद्यपि मृतकहरूको भिसेरा परीक्षणका

(बाँकी अन्तिम पृष्ठमा)

प्रेमीसँग योजना बनाएर श्रीमानको हत्या

झापा, जेठ ३१ । नेकपा माओवादी केन्द्र कपिलवस्तुका जिल्ला नेता दीपक पाण्डेयको हत्यामा संलग्न ११ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मृतककी श्रीमती महिमा पाण्डेयसमेत छिन् ।

मृतककी श्रीमती पाण्डेय र ओमप्रकाश यादवबीच विगत तीन वर्षदेखि अनैतिक सम्बन्धमा रहेकोसमेत जिल्ला प्रहरी कार्यालयले जनाएको छ । तीन वर्षदेखि नै दुवै मिलेर दीपक पाण्डेयलाई मार्ने योजना बनाएको पनि अनुसन्धानबाट खुलेको छ ।

योजना अनुसार नै यादवले विभिन्न समयमा विभिन्न व्यक्तिलाई दिपक पाण्डेयलाई मार्न सुपारी समेत दिएका थिए । जेठ ५ गते दिपक पाण्डेयको गोली हानी घाइते बनाए पछि पाण्डेयको उपचारको क्रममा जेठ १० गते मृत्यु भएको थियो । हत्याको मुख्य योजनाकार मृतक पाण्डेयको श्रीमती महिमा पाण्डेय र ओमप्रकाश यादव रहेको अनुसन्धानबाट खुलेको छ ।

हत्यामा संलग्न रमजान साह मुसालमान, साकिर अलि पाखिया, पुर्णविर पाल्पाली कुम्हाल, सद्धाम हुसेन, ज्ञानेन्द्र कुमार पाण्डेय, राधेश्याम चौधरी, श्रीराम चौधरी, नसरत अलि र प्रविण गुप्तालाई प्रहरीले बुधबार पत्रकार सम्मेलन गरी सर्वजनिक गरेको छ । घटनामा संलग्न हातहतियारसहित पक्राउ परेका र उक्त

(बाँकी अन्तिम पृष्ठमा)

अब बिर्तामोडको फोहोर व्यवस्थापन गर्ने जिम्मा निजीलाई

झापा, जेठ ३१। झापाको बिर्तामोड नगरपालिकाले नगर क्षेत्रको फोहोर व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिएको छ ।

नगरपालिकाले निराकार सरसफाई सेवा प्रालिलाई नगरमा उत्पादित फोहोर व्यवस्थापनको जिम्मा दिएको हो । नगरपालिका परिसरमा सोमवार आयोजित कार्यक्रममा नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले प्रालिका प्रतिनिधि रवीन भट्टराईलाई सम्झौता पत्र हस्तान्तरण गरे ।

प्रालिले आगामी असार एक गतेदेखि आगामी तीन वर्षसम्म नगरक्षेत्रको फोहोर व्यवस्थापनको काम गर्ने भएको छ । नगरपालिकाले फोहोर व्यवस्थानमा प्रयोग गर्दै आएको चार वटा सवारी साधान र १४ जना जनशक्ति समेत प्रालिलाई जिम्मा दिएको छ । नगरपालिकाले फोहोर व्यवस्थापनमा प्रयोग गर्दै आएको सवारी साधन र कर्मचारी प्रालिलाई जिम्मा लगाएको छ- उनले

भने- कर्मचारीलाई नगरपालिकाले दिँदै आएको सेवासुविधा नघटाइ दिने र सवारी सधान प्रयोग गरेवापत रकम दिने सहमति भएको छ ।

विभिन्न देश भ्रमणका क्रममा त्यहाँको फोहोर व्यवस्थापनमा निजी क्षेत्रले काम गरेको देखेको र फोहोर व्यवस्थापन प्रभावकारी भएको पाएकाले सोही अनुरुप नगरसभाबाटै पारित गरेर निजी क्षेत्रलाई फोहोर व्यवस्थापनको जिम्मा दिएको नगरप्रमुख शिवाकोटीले जानकारी दिए । केही व्यक्ति तथा संस्थाले फोहोर व्यवस्थापनको नाममा रकम लिएर सडक किनारमा फाल्ने काम गरेको पाइएको र नगरपालिकालाई बद्नाम गर्ने काम भएको बताउँदै उनले भनजे- त्यस्ता व्यक्ति पत्ता लगाएर २५ हजार रुपैयाँ जरिवाना समेत गराएका छौं, त्यस्तो काम कोही कसैबाट भए कडा कारवाही गर्छौं । उनले नगरको फोहोर व्यवस्थापनमा सहयोग गर्न सबैलाई आग्रह समेत गरे ।

नगरपालिकाले तयार पारेको फोहोर व्यवस्थापन कार्यविधि अनुरुप सो प्रालिले नगरको फोहोर व्यवस्थापनको काम गर्ने कार्यालयका प्रमुख

(बाँकी अन्तिम पृष्ठमा)

घर जग्गा विक्रीमा

बिर्तामोड नगरपालिका वडा नं. १ सिनेप्लाजाबाट ३ सय मिटर पश्चिम, खानेपानी ट्याङ्कीको जानेबाटोबाट पश्चिमतर्फ साढे सात धुर जग्गा र सो जग्गामा बनेको ४ कोठे टिनको छानो भएको घर उचित मूल्यमा विक्रीमा रहेको हुँदा किन्न चाहने महानुभावले तलको फोन नं.मा सम्पर्क गर्नुहोला ।

मो. ९८४४६४२०९५, ९८१७९९०२९९

समाल रियल स्टेट प्रा.लि.

जग्गा खरिद बिक्री केन्द्र

बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा

प्रबन्ध निर्देशक: राजु समाल (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

११ महिनामा हजारभन्दा बढी पक्राउ

झापा, जेठ ३१। विदेश पठाइदिने प्रलोभनमा पारी ठगी गर्ने अभियुक्तलाई सप्तरी प्रहरीले सोमवार पक्राउ गरेको छ । सप्तरीको विष्णुपुर गाउँपालिका-१ मलेकपुरका ४६ वर्षीय इनरदेव यादव पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए ।

सप्तरी जिल्ला अदालतले आरोपितविरुद्ध २०७५ असार २५ गते १ वर्ष कैद र १ लाख २५ हजार जरिवानाको फैसला गरेको थियो । फैसलापश्चात फरार रहेका अभियुक्तलाई जिल्ला प्रहरी कार्यालय सप्तरीबाट गएको प्रहरी टोलीले गाउँघरबाटै पक्राउ गरेको हो ।

अभियुक्त यादवले विदेश पठाइदिने प्रलोभनमा पारी २०६८ असोज २ गते जैफुन खातुनसँग १ लाख २५ हजार रुपैयाँ लिई ठगी गरेको भन्दै ठगी मुद्दाको उजुरी परेको थियो । छोरालाई विदेश पठाउन खातुनले विश्वासमा परी यादवलाई रकम दिए पनि न पठाएको र रकम पनि फिर्ता नदिएको उनले बताइन् । पक्राउ परेका अभियुक्तलाई सप्तरी जिल्ला अदालतमा सोमबारै उपस्थित गराइएकोमा कैद भुक्तानको लागि अदालतले राजविराज कारागार पठाएको प्रनाउ काफ्लेले बताए ।

आर्थिक वर्ष ०७७/०७८मा सप्तरी प्रहरीले फरार रहेका १ हजार ७ जना अभियुक्तहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, सप्तरीका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए । अदालतको फैसला कार्यान्वयन अन्तर्गत आर्थिक वर्षको हालसम्म फौजदारी मुद्दातर्फ १ सय ६४ जना र देवानी मुद्दातर्फ ८ सय ४३ जना पक्राउ परेका हुन् । पक्राउ परेकाबाट जम्मा २०३ वर्ष ३ महिना ६ दिन कैद र १ करोड ५ लाख १८ हजार ६२३ रुपैयाँ असुल उपर हुने उनले बताए ।

ब्राउन सुगरसहित पाँच जना पक्राउ

विराटनगर, जेठ ३१। झापा र इलाममा लागूऔषध ब्राउन सुगरसहित पाँच जना पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले झापा कमल गाउँपालिका-३का २२ वर्षीय बले भन्ने प्रज्ज्वल बानियालाई लागूऔषध ब्राउन सुगर ४ ग्रामसहित घरबाटै पक्राउ गरिएको हो ।

त्यस्तै आइतबार बेलुका ५ बजे प्रहरी चौकी दानाबारीबाट खटिएको प्रहरी टोलीले इलाम माई नगरपालिका-४ शंकरगाउँबाट लागूऔषध ब्राउन सुगर ५ ग्रामसहित सोही स्थान ८का २८ वर्षीय महेश थापा, ३० वर्षीय कुविरसिंह तामाङ, सोही स्थानका २२ वर्षीय रुपेशकुमार खत्री र २३ वर्षीय सुदीपकुमार दनुवारलाई पक्राउ गरिएको हो ।

प्रहरीले उनीहरुले प्रयोग गरेको प्रदेश १-०१३ प. ७२२२ र ना. ३२ प. ६९१९ नम्बरको मोटरसाइकल समेत नियन्त्रणमा लिई अनुसन्धान भइरहेको बताएको छ ।

गाईको काजकिरिया गर्दै दाहाल

झापा, जेठ ३१। मेचीनगर-२को बाहुनडाँगीका खगेन्द्र दाहाल यतिबेला गाइको १० दिने काजकिरिया बारेर बसेका छन् ।

दाहालले आफैले पालेको गाईको सात दिन अघि ग्वालीमा बाँधेकै अवस्थामा मृत्यु भएपछि १० दिने काजकिरियामा बसेको बताए । 'गाई व्याएको १० दिनको दिन मऱ्यो' दाहालले भने- 'परिवारकै सदस्यको मृत्यु भए जस्तो लाग्यो त्यसै १० दिनसम्म काजकिरिया गर्ने सोचेर बसेको छु ।'

सुत्केरी अवस्थामा नै गाइको मृत्यु भएकाले निक्कै दुःख लागेको दाहालले बताए । 'आज सात दिन भयो' दाहालले भने- '१० दिनको दिन पुरोहित बोलाएर विधिपूर्वक काजकिरिया सम्पन्न गर्छु ।' आफूले कोरामा बसेर नै बारे र श्रीमतीले बाहिर बसेर एक छाकी खाएर बारेको दाहालले बताए ।

बाहुनडाँगी संगम चोकका ५३ वर्षीय दाहालका घरमा पालेका दुई वटा गाईमध्ये भर्खरै ब्याएको लाल्मु गाई केही दिन बिरामी भएर जेठ २५ गते मृत्यु भएको थियो ।

रासस कर्मी पोर्तेललाई पितृशोक

झापा, जेठ ३१। राष्ट्रिय समाचार समिति (रासस) का कर्मचारी बलबहादुर पोर्तेललाई पितृशोक परेको छ ।

मेचीनगर नगरपालिका-६ निवासी उनका बुवा धनबहादुर विश्वकर्माको सोमवार बिहान ९:५० बजे मेची आम्दा हस्पिटल धुलाबारीमा ७६ वर्षको उमेरमा निधन भएको हो ।

स्व. धनबहादुरका पत्नी चन्द्रकला विश्वकर्मा, चार छोरा बलबहादुर, हिमाल, पर्वत र दुर्लभ र तीन छोरी पवित्रा, युगमाया र रोशनी छन् । रासस झापाका कर्मचारी बलबहादुर उनको जेठा छोरा हुन् भने साइँलो छोरा पर्वत कान्तिपुर दैनिकका झापा समाचारदाता हुन् ।

पारिवारिक स्रोतका अनुसार दमका बिरामी धनबहादुरलाई स्वास्थ्यमा समस्या आएपछि अस्पताल लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि मेची अस्पताल भद्रपुर लैजाने तयारी हुँदाहुँदै उनको निधन भएको थियो ।

जर्मनीले चार अर्ब ८० करोड अनुदान दिने

काठमाडौं, जेठ ३१। सङ्घीय गणतन्त्र जर्मनीले नेपाल सरकारलाई वित्तीय तथा प्राविधिक सहयोगस्वरुप रु. चार अर्ब ८० करोडभन्दा बढी अनुदान प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

नेपाल र जर्मनीबीच जारी द्विपक्षीय सहयोग अन्तर्गत आगामी सन् २०२३ सम्म प्राविधिक सहयोग तथा सन् २०२५ सम्म वित्तीय सहायतालाई निरन्तरता दिन जर्मन सरकारले अनुदानस्वरुप उक्त रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको हो ।

नेपालका लागि जर्मनीका राजदूत रोल्यान्ड सेफेर र अर्थ मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपालले सोमवार अनुदान सहायतासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेको यहाँस्थित जर्मनीको राजदूतावासले जनाएको छ ।

नेपालका मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रमा ऊर्जा तथा नवीकरणीय ऊर्जा, दिगो आर्थिक विकास र स्वास्थ्य क्षेत्रका लागि उक्त रकम प्रदान गरिने दूतावासले जनाएको छ ।

पानीमा डुबेर दुई जना बालिकाको मृत्यु

सुनसरी, जेठ ३१। सुनसरीको छुट्टाछुट्टै स्थानमा पानीमा डुबेर दुई जना बालिकाको मृत्यु भएको छ ।

इनरुवा नगरपालिका-७का प्रदीप दनुवारकी २ वर्षीया छोरी प्रशंसा दनुवार खेल्ने क्रममा घर अगाडि रहेको नहरमा डुबेकी थिइन् । उनलाई उपचारको लागि बिराट मेडिकल कलेज ट्यांकी मोरङ पुऱ्याउँदा मृत्यु भइसकेको बताइएको छ ।

त्यस्तै सुनसरीकै बराहक्षेत्र नगरपालिका-५ ठिकीटोलका भरत अधिकारीकी १८ महिनाकी छोरी आश्मा अधिकारी आफ्नै घर छेउमा खेल्ने क्रममा बाल्टिनको पानीमा अचानक डुबी बेहोस भइ उपचारका लागि घोपा धरानमा लगिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको छ ।

स्थानीय ...

केन्द्रित बजेट निर्माण नहुँदा लक्षित वर्ग जहिले पछि पर्ने गरेको उल्लेख गरिन् । पूर्वाधार विकास, सामाजिक विकासका साथै पर्यटन विकासमा बजेट विनियोजन भए पनि सामाजिक विकास अन्तर्गत लक्षित वर्गसम्म बजेट नपुग्दा उनीहरुको समग्र विकास हुन नसकेको धारणा व्यक्त गरिन् । उनले लक्षित वर्गलाई केन्द्रित गरेर पञ्च वर्षीय योजना अन्तर्गत शिक्षा, स्वास्थ्य लगायतका विषयमा ध्यान दिनुपर्नेमा जोड दिइन् । महिलालाई आत्मनिर्भर बनाएर व्यवसायिक बनाउन प्रत्येक स्थानीय तहले विशेष योजना बनाउनुका साथै अपाङ्गता भएका व्यक्तिले आत्मसम्मान हुने किसिमको रोजगारीमा जोड दिनुपर्ने बताइन् ।

माओवादी नेतृ सरु न्यौपानेले केन्द्र, प्रदेश र स्थानीय सरकारले सहुलियत दिने किसिमका योजना बनाएर कार्यान्वयन गर्नुपर्ने बताइन् । उनले वितरणमुखी भन्दा पनि उत्पादनमुखी बजेट निर्माणमा स्थानीय तहले ध्यान दिनुपर्ने बताइन् । स्थानीय तहले विनियोजन गरेका बजेट लक्षित वर्गसम्म नपुग्दा उनीहरुको आर्थिक तथा सामाजिक विकास हुन नसकेको उनको भनाइ छ ।

जसपा झापाकी जिल्ला उपाध्यक्ष संगीता रौनियारले स्थानीय तहका जनप्रतिनिधिले लक्षित वर्गको बजेट दुरुपयोग गरेको बताइन् । उनले प्रत्येक स्थानीय तहमा लक्षित वर्गलाई विनियोजन गरिएको बजेटको विषयमा महिला नेतृहरुले चासो दिनुपर्नेमा जोड दिइन् । लक्षित वर्गलाई दिइएको तालिमपछि त्यसको अनुगमन र मूल्याङ्कन हुनुपर्ने भन्दै उनले घरेलु व्यवसायमा महिलाहरुलाई प्रेरित गर्न उद्यमी बनाउनु पर्नेमा जोड दिइन् । उनले अपाङ्गता भएकाहरुलाई राज्यले विशेष सुविधा दिनुपर्ने बताइन् ।

राप्रपा नेतृ शारदा रिजालले आर्थिक रुपमा महिलालाई सवल र आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिइन् । काम गर्न चाहने महिलालाई स्थानीय सरकारले बजेट उपलब्ध गराएर उद्यमशिलतातर्फ प्रेरित गर्नुपर्ने भन्दै उनले अपाङ्गता भएकाहरुलाई कर लगायतमा पूर्ण छुट दिनुपर्ने बताइन् । आगामी आर्थिक वर्षमा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर बजेट निर्माण गर्न समेत उनले सुझाव दिइन् ।

ट्रेड युनियन कांग्रेस केन्द्रिय सदस्य उर्मिला ढकालले अझै पनि लक्षित वर्गसम्म बजेट नपुगेको गुनासो गरिन् । ५० प्रतिशत पनि बजेट लक्षितवर्गसम्म नपुग्दा उनीहरुको जीवनस्तरमा कुनै परिवर्तन आउन नसकेको उनको भनाइ थियो । उनले प्रधानमन्त्री रोजगार कार्यक्रममा स्थानीय तहले आफ्ना कार्यकर्तालाई मात्र प्राथमिकता दिँदा लक्षितवर्ग बञ्चित भएको उल्लेख गरिन् । कार्यक्रमको अधिवक्ता एवम् संवाद सहजकर्ता खगेन्द्र खरेल र संवाद समूहकी सह-संयोजक कमला भट्टराईले सहजीकरण गरेका थिए ।

जोखिम ...

प्रणाली प्रयोगमा ल्याउन लागिएको जनाइएको छ । यस्तै शहरी क्षेत्रका १५५ खुला स्थान पहिचान गरिसकिएको छ । आपत्कालीन अवस्थामा मानिसलाई त्यहाँ व्यवस्थापन गरिने छ ।

विपद् प्रभावितको पुनःस्थापनका लागि निजी आवास पुनःनिर्माणको काम पनि जारी रहेको प्राधिकरणको भनाइ छ । यसअन्तर्गत १० जिल्लामा पहिलो किस्ताको रकम पठाइसकेको जनाइएको छ । आपत्कालीन अवस्थाका लागि परिचालन हुने स्रोत साधनको समेत व्यवस्था गरिएको तथा विषयगत मन्त्रालय र अन्य निकायको जिम्मेवारी पहिचान गरी सम्बन्धित समितिलाई परिचालन गरिएको प्राधिकरणको भनाइ छ ।

सिञ्चाइ विभागका सिनियर डिभिजनल इञ्जिनियर विष्णुदेव यादव बाढीको प्रभाव न्यूनीकरणका लागि तटबन्धलगायतका प्रभावकारी कार्यक्रम अपनाई बाढी तथा जोखिम न्यूनीकरणको कार्यक्रम जारी राखेको जानकारी दिए । बोरा तारजालीलगायतको भण्डारण शुरु भइसकेको छ । उनले सीमावर्ती क्षेत्रको बाँधका कारण तराईमा हुने डुबान आउन नदिन तयारी थालिसकिएको र भारतसँग समन्वय भइरहेको बताए । उनले विगतको भन्दा क्षति न्यूनीकरण हुँदै गएको दाबी समेत गरे ।

नेपालमा यही जेठ २८ बाट भित्रिएको वर्षायाम आइतबारदेखि नै मुलुकभर फैलिसकेको छ । देशैभरि मनसुनी वायु रहेको छ । देशका धेरै स्थानमा मेघगर्जन/चट्टयाङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, वाग्मती, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाकी विभूति पोखरेल मनसुन मुलुकभर नै सक्रिय भएकाले केही ठाउँमा भारी वर्षाको सम्भावना रहेको हुँदा सतर्कता अपनाउनु सुझाव दिन्छन् ।

खानी तथा भूगर्भ विभागका महानिर्देशक राजेन्द्र भण्डारी विश्वकै अग्लोदेखि निकै होचो भूभागसमेत नेपालमा रहेकाले पनि मनसुनजन्य विपद्बाट नेपाल उच्च जोखिममा रहेको जानकारी दिए । नेपालमा गत वर्ष ४०० भन्टा बढी क्षेत्रमा पहिरो गएको थियो । धेरै बढी गण्डकी प्रदेशमा गएको देखिएको छ । यो क्षेत्र बढी पानी पर्न सक्ने क्षेत्र पनि रहेको उनले बताए । विभागले गत वर्ष १०० भन्दा बढी पहिरो हेरेर अध्ययन गरेर गृहमा प्रतिवेदन बुझाएको जानकारी दिए ।

गृह मन्त्रालयका सहसचिव गोविन्द रिजाल विपद्को समयमा धनजनको क्षति रोक्ने र आवश्यक राहत तथा पुनःस्थापन कार्यक्रम नै प्रमुख रहेको जानकारी दिँदै सबै मिलेर पूर्वतयारी र प्रतिकार्यका योजनामा लाग्नुपर्नेमा जोड दिए । गृहको निर्देशन अनुसार सबै जिल्लाले आवश्यक प्रतिकार्य योजना तयार गरी लागू भइसकेको उनले जानकारी दिए । आवश्यक स्रोत सामग्री ठाउँ-ठाउँ पुऱ्याउने कार्य पनि जारी राखिएको छ । रिजालले भने- यसपालि राहत वितरणमा रकमको अभाव नहुने गरी व्यवस्था मिलाएको छ ।

रिजालले अन्य विभिन्न साना ८५ वटा खोलामा समेत पूर्वसूचना प्रणाली राख्न निर्देशन दिइसकिएको बताए । कूल १९७ स्थानमा खोलाको सतहबारे सूचना दिने गरी व्यवस्था मिलाइएको छ । आज भएको प्रतिकार्य योजना सम्बन्धिको भर्चुअल बैठकमा समेत प्राधिकरणले विशेष सावधानी अपनाउन आम नागरिकमा अनुरोध गरेको छ ।

झापाका ...

झापा शाखाका सभापति लोकराज ढकालले बताए । उनले विगतमा झै यसवर्ष पनि झापा, गौरीगञ्ज, कचनकवल र बाह्रदशी गाउँपालिकामा पानीको निकास हुने ठाउँ नहुँदा बढी डुवानको जोखिममा रहेको बताए । उनका अनुसार कमल, विरीङ र रतुवा खोलाले शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकाका विभिन्न स्थानमा कटान गरी सयौं परिवार विस्थापित हुने अवस्था छ । रेडक्रसले बाढी पूर्वतयारी प्रतिकार्य योजना बारे स्थानीय तहरूलाई जानकारी गराउने तयारी गरेको छ ।

सभापति ढकालले जिल्लामा बाढी आएको खण्डमा प्रभावित क्षेत्रका बासिन्दालाई जानकारी दिनका लागि चार प्रकारले पूर्व सूचना प्रणालीको व्यवस्था गरिएको जानकारी दिए । उनले बाढी आउनुभन्दा ६८, ४८, २४ र तीन घण्टा अगाडि नै सो क्षेत्रका बासिन्दालाई जानकारी दिइने गरेको बताए । तीन घण्टा अघि दिइने सूचनापछि सम्बन्धित क्षेत्रका बासिन्दालाई स्थानीय तहहरूले स्थापना गरेका सुरक्षित स्थानहरू, विद्यालय, रेडक्रस भवन तथा सार्वजनिक भवनहरूमा सारिन्छ ।

कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बाढी प्रभावित क्षेत्रहरूमा रु. २० लाख बजेट नै छुट्याएर काम भइरहेको बताए । उनले गाउँपालिकाका वडा नम्बर १, २, ३ कमल खोलामा आउने बाढीका कारण डुबानमा पर्ने र वडा नम्बर ५,६,७ मा रतुवा खोलाले कटान गर्ने हुँदा आवश्यक तयारीमा जुटेको बताए । उनले जनताको तटबन्धले कमल र रतुवा खोलाका केही स्थानमा बाँध बाँध्ने काम भइरहेको जानकारी दिए । खोला पस्ने स्थानहरूको पहिचान गरेर बाँसको टाँटीद्वारा वैकल्पिक बाँध बाँध्ने काम विभिन्न वडाहरूले गरिरहेका छन्- अध्यक्ष काफ्लेले भने- प्रभावित क्षेत्रमा जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गरिरहेका छौं ।

त्यसैगरी, गौरीगञ्ज गाउँपालिकाले नदीमा पानीको वहाव बढेसँगै विभिन्न वडाहरू डुबानमा पर्ने हुँदा स्थानीयवासीको उद्धारका लागि आवश्यक सुरक्षा सामग्री रबर बोर्ट र लाइफ ज्याकेटको समेत व्यवस्था गरिसकेको जनाएको छ ।

प्रेमीसंग ...

हातहतियार खरिद बिक्री, ओसारपसार कार्यमा संलग्न सम्पूर्णलाई संगठित अपराध सजाय ऐन २०७० बमोजिम कपिलवस्तु जिल्ला अदालतबाट म्याद गरी अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

मुख्य योजनाकार यादवबाट पेस्तोल थान-१ म्याग्जिन थान-१, २२ म्याग्नमको गोली ६८ राउण्ड, रमजान साह मुसलमानबाट स्वचालित पेस्तोल थान-१ को म्याग्जिन थान-१ र गोली ८ राउण्ड र गोली हान्ने व्यक्ति साकिर अलि पाखियाबाट एक थान नल कटुवा पेस्तोल र २ राउण्ड गोली बरामद भएको प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

नेकपा माओवादी केन्द्र कपिलवस्तुका नेता दिपक पाण्डेयलाई जेष्ठ ५ गते राति ११ बजेको समयमा कपिलवस्तु नगरपालिका वडा नं. ६ गोबरीस्थित चार नम्बर तौलिहवा सडकखण्डमा गोली प्रहार गरिएको थियो । गोली लागेर घाइते भएका उनको उपचारका लागि काठमाण्डौ पठाइएको थियो । जेष्ठ १० गते काठमाडौंमा नै पाण्डेयको निधन भएको थियो ।

अब ...

प्रशासकीय अधिकृत गणेश दाहालले बताए । स्वच्छ र हराभरा नगर बनाउने अभियानमा हामी एक कदम अघि बढेका छौं- उनले भने- टोलटोलमा, घर-घरमा सरसफाइ अभियान चलाइनेछ । नगरपालिकाले प्रालिसँग रू. १० लाख धरौटी समेत लिएको छ । सरसफाई गरेवापत नगरपालिकाले तोकेको दरमा प्रालिले नगरबासीबाट रकम लिने छ ।

घर, स्कूल, पसल, अस्पताल, उद्योग, कलकारना लगायतका २१ वटा शीर्षकमा रू. १९० देखि रू. १० हजार मासिक शुल्क लिन पाउने जनाइएको छ । प्रालिका प्रतिनिधि भट्टराईले वातावरणविद्सँग परामर्श गरी नगर क्षेत्रको फोहोर व्यवस्थापन गर्ने बताए । उनले आफूले १४ वर्षदेखि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्दै आएकाले नगर क्षेत्रको सबै प्रकारका फोहोर व्यवस्थापन गर्ने प्रतिवद्धता जनाए ।

विषाक्त ...

लागि फरेन्सिक ल्याब, काठमाडौंमा पठाउने तयारी गरिएको गरिएको उनले बताए । उनले बिरामीहरूसँग पनि घटनाबारे थप सोधखोज गरिने बताएका छन् ।

मृत्यु हुनेहरूमा पडरिया गाउँका ५० वर्षीय राम ईश्वर पासवान, ३९ वर्षीय दिनकर दास, ६५ वर्षीय कैलु दास, ५० वर्षीय जुगेश्वर माझी र २४ वर्षीय बलिन्द्र दास रहेका छन् । यस्तै, भारतको उत्तर प्रदेशका ३५ वर्षीय दाताराम निसाद, ५५ वर्षीय शिवसागर निसाद र ३२ वर्षीय सर्वेस राम निसादको पनि मृत्यु भएको छ । मृतक तीनै जना भारतीय नागरिक चन्दन इँटा उद्योग पडरियाका मजदुर हुन् ।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६का रीता थुलुङ कि.नं. ४२४१को ज.वि. ०-०-१२ क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित भएकोले निवेदकको घरले संधियार, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुन्छ/हुँदैन, हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

दिशा	संधियारको नाम, थर	सर्जमिन मिति	नक्सा दर्ता मिति	कैफियत
पूर्व पश्चिम उत्तर दक्षिण	श्री दलबहादुर मावो श्री बाटो श्री महेन्द्र पौडेल कुलप्रसाद विष्ट	२०७८।०२।२७	२०७८।०७।०३	

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६का शुकमाया तामाङ कि.नं. ६०७०को ज.वि. ०-०-१०.५० क्षेत्रफल जग्गामा निर्माण भएको आरसीसीको स्थलगत सर्जमिन गर्न जाँदा तपाई निम्नानुसारका संधियार अनुपस्थित भएकोले निवेदकको घरले संधियार, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुन्छ/हुँदैन, हुने भए सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । अन्यथा नियमानुसार काम, कारवाही हुने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निम्न

दिशा	संधियारको नाम, थर	सर्जमिन मिति	नक्सा दर्ता मिति	कैफियत
पूर्व पश्चिम उत्तर दक्षिण	श्री भूमति बस्नेत श्री कमला शेर्पा श्री इन्द्रमाया लाम्गादे श्री बाटो	२०७८।०२।२७	२०७८।०७।०५	

फोन नं. : ९७४२५०२३५५

श्री सरस्वती माध्यमिक विद्यालय
(रोङ-६, रम्भ्याङ, इलामको
मिति २०७८।२।२८

सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

मिति २०७८/०२/२७ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस विद्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न सामग्रीहरु बढीमा रु. ५,९९,०००/- अक्षरेपी रु. पाँच लाख ९९ हजार मात्रमा खरिद गर्ने निर्णय भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा प्रस्ताव पेश गरी आफूले उपलब्ध गराउन सक्ने सामग्रीहरु उपलब्ध गराउन इच्छुक विभिन्न फर्म तथा सप्लायर्सहरुलाई बोलपत्र आव्हान गरिएको छ ।

उपलब्ध गराउनुपर्ने सामग्री र विस्तृतिकरण

क्र.सं.	सामग्रीको नाम	विस्तृतिकरण
१.	Smart Interactive Panel Board (1pcs)	➢ Inbuilt dual operating system windows minimum core i5 and android version 8 ➢ Minimum 65" screen with tempered and anti-glare glass ➢ Screen resolution minimum 3840/2160 ➢ Minimum 50,000 working hours ➢ RAM minimum 4 GB and SSD minimum 256 GB ➢ Web cam, output system and note reader with clear scanning feature ➢ Wifi support, microphone, screen sharing, multiple USB ports
२.	Smart TV (3pcs)	➢ 4K UHD Smart TV, minimum 43", Quadcore processor ➢ Miracast smart share ➢ Front glass protection
३.	Computer (Desktop complete - 1pcs)	➢ I5 processor ➢ 1 TB HDD ➢ RAM 4gb ➢ Monitor 18.5
४.	Laptop (2pcs)	➢ I5 10th gen. processor ➢ HDD min 1 TB ➢ Ram 4GB

नोटः बोलपत्र पेश गर्दा बिद्यालयको नाममा मेगा बैक नेपालमा रहेको च.हि.नं. १०७००१०००८५५४ मा ३ प्रतिशत धरौटी रकम र आवेदन दस्तुर रु १०००। जम्मा गरी सक्कल भौचर साथमा राख्नुपर्ने छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०४५/ ९८१७५९५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

समावेशीकरणको यात्रामा एउटा अभियान:
पूर्वाञ्चल दैनिकद्धारा प्रकाशित लिम्बू भाषा (किरात सिरिजङ्गा लिपी)
समावेशी नेपाल

किरात याक्थुङ चुम्लुङ जिल्ला कार्य समिति झापाको संयोजनमा सम्पादित **लिम्बू भाषा खण्ड**को लागि सम्पादक **सेसेहाङ् फियाक लिम्बू** (९८०७९१२०६६), सह-सम्पादक **सेसेमी सेनाल्बो** (९८१८७१०७४३), **डिल्लीश्वर मुसाहाङ अम्याङ्सा** (९८१७३०४०८०) ।

हाम्रा बोली-व्यवहार बालबालिकालाई देखाउनै नहुने छन्

मेदिन लामिछाने

लामो समयदेखि बालबालिकाहरू घरभित्रै बसिरहेका छन् । योभन्दा अगाडि उनीहरूको समय आधा घर र आधा स्कुलमा बित्ने गर्थ्यो । उनीहरूलाई के सिकाउने, कस्तो संस्कार दिने त्यो सबै स्कुलको टाउकोमा हालिएको थियो । तर, अहिले उनीहरूको अधिकांश समय घरमै बित्छ । यस्तो अवस्थामा अभिभावकले सिकाइ स्कुलमा मात्र हुँदैन घरमा पनि हुन्छ भन्नुने कुरा बुझ्नुपर्छ । त्यसको लागि अभिभावकले केही तरिकाहरू जान्नु जरुरी छ । यो समयलाई मौकाको रुपमा लिनुपर्छ ।

यो समयलाई धेरै अभिभावकले बोझको रुपमा लिइरहेका छन् । घरमा राखेर अनलाइन कक्षाबाहेक अरु सिकाइ सिकाउन सकिरहेका छैनौं । उनीहरूका कुरा सुन्ने, बुझ्ने र उनीहरूले गर्ने क्रियाकलापमा सहभागी हुन सकेका छैनौं । उनीहरूसँग 'क्वालिटी टाइम' बिताउन सकिरहेका हुन्छौं । बालबालिकाको लागि विद्यालय दोस्रो घर हो भनिन्छ । यसको मतलब अभिभावकसँग बस्ने ठाउँ उसको पहिलो घर हो ।

सिकाइका लागि दोस्रो घरभन्दा पहिलो घरको भूमिका अहम् हुन्छ । अहिले उनीहरू घरबाहिर निस्किन पाएका छैनन् । संवेगात्मक रुपमा उनीहरू कमजोर भएका हुन सक्छन् । यो बेला उनीमरूलाई डर त्रास फैलाउने भन्दा पनि बलियो बनाउतिर लाग्नुपर्छ । बालबालिकालाई राम्रोसँग हुर्काउनु भनेको एउटा पुस्ताको निर्माण गर्नु हो । हुकाइको प्रभाव हाम्रो व्यवहारमा पर्छ । हुकाइमा समस्या पर्ने बित्तिकै व्यवहारमा पनि समस्या आइहाल्छ ।

बालबालिकालाई अनुशासन सिकाउादा मिसाउन नहुने कुरा

गाली: अभिभावकले बालबालिकालाई काम गह्राउँछन् र बिगाऱ्यो भने गाली गर्छन् । गाली गर्दा बालबालिकाको उमेर भनेको सिक्ने उमेर हो भनेर बिर्सिन्छन् । सिक्ने उमेरमा गल्ती हुन्छ । गल्ती नगरी सिकिदैन । गल्ती नभइ सिकाइ हुँदैन । त्यसैले हामीले बालबालिकालाई गाली गर्नु भनेको तिमीहरूले 'गल्ती गर्न पाउँदैनौं' भन्नु हो । त्यसको अर्थ 'सिक्न पाउँदैनौं' भन्नु हो ।

आमाबाबु बीचको असहमति: आमाबाबु बीचको असहमति छोराछोरी माझ व्यक्त गर्नु हुँदैन । प्राय: अभिभावक आफ्नो दाम्पत्य जीवनको असहमति छोराछोरीमाथि पोख्छन् । त्यो उनीहरू दुई बीचको समस्या हो, छोराछोरीको समस्या होइन । आफ्नो समस्या बालबालिकामाथि थोपर्दा त्यसले संवेगात्मक असर गर्छ भन्नुने कुरा धेरै अभिभावकलाई थाहा हुँदैन । यो कुरामा विचार पुऱ्याउनु जरुरी छ ।

नभनिएको कुरा: कहिलेकाहीं हामीले नभनिएका कुरा पनि बालबालिकाबाट अपेक्षा गरिरहेका हुन्छौं । जुन चिज हामीले उनीहरूलाई भनेकै छैनौं, त्यसको आश नगरौं । उनीहरू भर्खर सिक्दै गरेका हुन्छन् ।

लोभ: अभिभावकहरू बालबालिकाको प्रगतिमा बढी लोभ गर्छन् । ६० प्रतिशत ल्याउँदा ८० ल्याएको भए हुन्थ्यो, 'बी' ल्याउँदा 'ए' ल्याइदिए हुन्थ्यो, फेल हुँदा पास भए हुन्थ्यो भन्ने अपेक्षा राख्छन् । हामीले आफ्ना बालबालिकाको क्षमता जति छ त्यहिअनुसार आश गर्नुपर्छ । उनीहरूले कति नम्बर वा ग्रेड ल्याए होइन, कति प्रयास गरे त्यसको सम्मान गर्नुपर्छ ।

तुलना: धेरैजसो अभिभावकले आफ्ना बालबालिकालाई अरुसँग तुलना गर्छन् । आफ्नै दुई सन्तानबीच होस् वा छिमेकीका बच्चाबीच होस् तुलना गरेको पाइन्छ । 'दाइले यस्तो गऱ्यो तैले गर्न सकिनस्', 'बहिनीले यस्तो गऱ्यो तैले गर्न सकिनस्', 'छिमेकीले यसो गऱ्यो तैले गर्न सकिनस्' भनेर कहिल्यै तुलना गर्नुहुँदैन । उनीहरूको आफ्नै सिक्ने शैली हुन्छ । एउटा बच्चा अर्कोसँग मिल्दैन । तर, हामी मिलाउन खोज्छौं । अरुको बच्चाले जे गऱ्यो त्यही गर्नुपर्छ भन्नुने सोच्छौं । उनीहरूको सीप, कौशल र क्षमतालाई विचार गरेर उनीहरूले जे गर्न चाहन्छन् त्यो गर्न दिनुपर्छ । किनभने, उनीहरूलाई तुलना गरेको मन पर्दैन ।

पिटाइ: पिटाइले तत्कालको लागि व्यहार सुधार्छ । यो क्षणिक सुधार हो । तर, सिकाइको लागि पिटाइ दीर्घकालिन समाधान भने होइन । जो पिटाइ खाएर हुर्केको छ, ऊ पछि पनि पिट्ने नै भएर निस्किन्छ । शारीरिक रुपमा आक्रामक भएर निस्किन्छ । भोलिको दिनमा त्यस्तै आक्रामक छोराछोरी बनाउने हो बालबालिकालाई पिटौं, नत्र नपिटौं ।

आफूले चाहिँ गर्ने, बालबालिकालाई चाहिँ गर्न नदिने

बालबालिकालाई टिभी हेर्नु हुँदैन भन्छौं, हामी हेर्छौं । उनीहरूलाई फेसबुक चलाउनु हुँदैन भन्छौं, हामी चलाउँछौं । तिमीहरूले जंकफुड खान हुँदैन भन्छौं, आफै खान्छौं । आफूले गर्ने उनीहरूलाई गर्न नदिने गर्दा गलत खालको म्यासेज जान्छ । सानोमा गर्नुहुँदैन रहेछ ठूलो भएपछि गर्नुहुँदो रहेछ भन्नुने सोच्न थाल्छन् उनीहरू ।

डर, त्रास र धम्की: डर, त्रास र धम्की बालबालिकाको संवेगात्मक विकाससँग जोडिएको हुन्छ । शारीरिक रुपले बालबालिका ठिक भएपनि संवेगात्मक रुपमा पिडित भएको पाइन्छ । डर, त्रास र धम्कीका कारण बालबालिकाले सिकाइमा ध्यान दिन सक्दैनन् । त्यसले बालबालिकाको व्यहवार कहिल्यै सुधार्दैन ।

बालबालिकालाई बिगार्नु छ भने यति गरे पुग्छ सत्य बोल्दा पनि गाली गर्ने

कुनै गल्ती गर्दा बालबालिकाले 'मैले गरेको' भनेर सत्य बोल्दा पनि हामी गाली गर्छौं । हाम्रो समस्या यहाँनेर छ । जसको कारण अर्को समयदेखि उनीहरूले झुटो बोल्न थाल्छन् । गल्ती जेसुकै होस्, उसले सत्य बोलेको छ भने सम्मान गर्नुपर्छ । तबमात्रै उनीहरूले ढाट्दैनन् । सत्य बोल्दा अभिभावकहरूले स्वीकार नगर्दा उनीहरू ढाँट्न थाल्छन् ।

अरुको अगाडि हप्काउने

बालबालिकालाई अरुको अगाडि हप्काएको मन पर्दैन । केही कुरा भन्नुनु छ भने 'पब्लिक्ली' होइन 'प्राइभेट्ली' भन्नुनुपर्छ । उनीहरूलाई एक्लै राखेर सम्झाउँदा मजाले बुझ्छन् । सबैको सामु हप्काउँदा आफूलाई अपमान भएको महसुस गर्छन् ।

प्रोत्साहनभन्दा बढी निर्देशन दिने

हामी आफू पढ्दैनौं, पढ भनेर निर्देशन दिन्छौं । आफू सरसफाई गर्दैनौं, सफा गर भनेर निर्देशन दिन्छौं । काम गर्नको लागि उनीहरूलाई प्रेरणाभन्दा निर्देशन दिने हाम्रो बानी हुन्छ । राम्रो काम गर्दा त्यसबापत् प्रेरणा र हौसाला दिदैनौं । निर्देशन दिएर हुर्काएको बच्चाले भोलिको दिनमा आफूपनि काम नगर्ने तर, निर्देशन दिने भएर निस्किन्छ । निर्देशन दिँदा लुकाएर, ढाँटेर जसरी भए पनि काम फत्ते गर्न खोज्छ । प्रोत्साहन दिन खोज्दा काम सक्न भन्दा पनि प्रयास गर्न थाल्छ । हामीले बालबालिकालाई उपदेश दिने होइन, उदाहरण बन्नुने कोसिस गर्नुपर्छ ।

विकल्प नदिने

बालबालिकाहरूले 'बाहिर खेल्न जान्छु' भन्दा 'नजानू' मात्रै भन्छौं । त्यसको विकल्पमा के गर्ने उपाय दिदैनौं । नखाऊ, नजाऊ, नगर भन्नुभन्दा पहिला विकल्पबारे सोच्नुपर्छ । विकल्प नदिँदा बालबालिकाहरू अटेरी हुन थाल्छन् ।

प्रश्नका छोटा र चिढिने खालका उत्तर दिने

उनीहरूले सोधेका प्रश्नको छोटो र चिढिने जवाफ दिनुहुँदैन । बालकालिकाले सोधेको प्रश्नको जवाफ धेरै अभिभावकले छोटो र चिढिने किसिमले दिन्छन् । जसकारण उनीहरू रिसाएर बस्छन् । बालबालिकालाई उनीहरूले गरेको प्रश्नको बुझ्ने किसिमले उत्तर दिनुपर्छ । उनीहरूसँग लामो संवाद गर्नुपर्छ । उनीहरूसँग जति लामो संवाद गऱ्यो, उनीहरूले त्यतिधेरै छिटो जान्दछन्, बुझ्दछन् । *(युलेन्स स्कुलका प्रिन्सिपल लामिछानेसँग इकागजकर्मी सृजना खड्काले गरेको कुराकानीमा आधारित)*

अस्पताललाई ४६ लाख मूल्यको स्वास्थ्य उपकरण र सामग्री प्रदान

झापा, जेठ ३१। सामाजिक संस्था हेल्पिङ्ग हेन्ड फर रिलाइफ एण्ड डेभलपमेन्ट र रोटरी क्लब अफ भद्रपुरले मेची अस्पताल भद्रपुरलाई करिब ४६ लाख मूल्य बराबरको स्वास्थ्य उपकरण र सामग्री प्रदान गरेको छ ।

दोस्रो लहरको कोरोना भाइरस संक्रमणको महामारीले सरकारी अस्पतालमा निःशुल्क उपचार गराउन आउने संक्रमित र अन्य बिरामीलाई मध्यनजर गरी हेल्पिङ्ग हेन्ड फर रिलाइफ एन्ड डेभलपमेन्ट र रोटरी क्लब अफ भद्रपुरले उक्त मूल्य बराबरको स्वास्थ्य उपकरण र सामग्री प्रदान अस्पताल प्रशासनलाई प्रदान गरेको हो ।

वर्क फर नेपालको पहल र हेम्रा नेपालको सहकार्यमा हेल्पिङ्ग ह्यान्डले मेची अस्पताललाई एक थान आइसीयु बेड, दुई थान अक्सिजन सिलिण्डर, एक थान हाइड्रोलिक स्ट्रेचर, एक थान ल्याब युनिट वार्भर मेसिनसहित १३८ प्रकारका स्वास्थ्य सामग्री र उपकरण दिएका हुन् ।

सोमबार एक संक्षिप्त कार्यक्रमका बिच हेल्पिङ्ग हेन्ड फर रिलाइफ एन्ड डेभलपमेन्टका प्रबन्धक जिनप्रसाद पोखरेल, हेम्रा नेपालका अध्यक्ष जियाउँदिन खानले अस्पताल सञ्चालक तथा व्यवस्थापन समितिका अध्यक्ष सोमनाथ पोर्तेल र मेसु डा. टङ्कप्रसाद बाह्रकोटीलाई सो सामग्री हस्तान्तरण गरेका थिए ।

भूकम्प पश्चात् सन् २०१७मा नेपाल सरकारसँग सम्झौता गरी विगत ५ वर्षदेखि हेल्पिङ्ग ह्यान्डले काठमाडौं, झापा र कपिलवस्तु जिल्लालाई केन्द्र बनाएर सामाजिक गतिविधि लगायतको सेवामूलक कार्य गर्दै आइरहेको छ । हेल्पिङ्ग ह्यान्डले झापासहित सात जिल्लाका १६ वटा अस्पताललाई ५ करोड बराबरको स्वास्थ्य सामग्री प्रदान गर्ने बताउँदै हेन्डका प्रबन्धक पोखरेलले भने- 'मेची अस्पतालबाट यस अभियानको सुरुवात गरेका हो ।' झापाको मेची अस्पताललाई ४० लाख, आम्दा अस्पताल दमकलाई ३९ लाख र शनिश्चरे अस्पताल अर्जुनधारालाई २१ लाख मूल्य बराबरको स्वास्थ्य उपकरण र सामग्री प्रदान गर्ने उनले बताए । देशभरका ४० अस्पताललाई स्वास्थ्य सामग्री दिने योजना समेत रहेको उनको भनाइ छ ।

वर्षदेखि हेल्पिङ्ग ह्यान्डले काठमाडौं, झापा र कपिलवस्तु जिल्लालाई केन्द्र बनाएर सामाजिक गतिविधि लगायतको सेवामूलक कार्य गर्दै आइरहेको छ । हेल्पिङ्ग ह्यान्डले झापासहित सात जिल्लाका १६ वटा अस्पताललाई ५ करोड बराबरको स्वास्थ्य सामग्री प्रदान गर्ने बताउँदै हेन्डका प्रबन्धक पोखरेलले भने- 'मेची अस्पतालबाट यस अभियानको सुरुवात गरेका हो ।' झापाको मेची अस्पताललाई ४० लाख, आम्दा अस्पताल दमकलाई ३९ लाख र शनिश्चरे अस्पताल अर्जुनधारालाई २१ लाख मूल्य बराबरको स्वास्थ्य उपकरण र सामग्री प्रदान गर्ने उनले बताए । देशभरका ४० अस्पताललाई स्वास्थ्य सामग्री दिने योजना समेत रहेको उनको भनाइ छ ।

हेम्रा नेपालका अध्यक्ष जियाउँदिन खानको अध्यक्षता तथा सञ्चालक तथा व्यवस्थापन समितिका अध्यक्ष पोर्तेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अस्पतालका मेसु डा. बाह्रकोटीले अस्पताललाई स्वास्थ्य उपकरण र सामग्री प्रदान गर्ने सहयोग दातालाई धन्यवाद दिएको कार्यक्रमको सञ्चालन वर्क फर नेपालका तिलचन्द्र अधिकारीले गरेका थिए ।

त्यस्तै सामाजिक संस्था रोटरी क्लब अफ भद्रपुरले मेची अस्पताललाई करिब ६ लाख मूल्य बराबरको स्वास्थ्य सामग्री प्रदान गरेको छ । रोटरी क्लब अफ भद्रपुरका अध्यक्ष आदित्य पराजुली, पूर्व एआइजी नवराज ढकाल र नेपाल उद्योग वाणिज्य संघ प्रदेश १ का अध्यक्ष टीकाराज ढकालले सो सामग्री अस्पताल सञ्चालक तथा व्यवस्थापन समितिका अध्यक्ष सोमनाथ पोर्तेल र मेसु डा. टङ्कप्रसाद बाह्रकोटीलाई हस्तान्तरण गरेका थिए । पूर्व एआइजी ढकालको पहलमा बोधिसत्वा विहारको सहयोगमा रोटरीले मेचीलाई १० थान अक्सिजन सिलिन्डर, अक्सिजन कन्सनट्रेटर, मास्क, स्यानिटाइजर लगायतको स्वास्थ्य सामग्री प्रदान गरेको रोटरीका अध्यक्ष पराजुलीले जानकारी दिए ।

स्वास्थ्य सामग्री वितरण कार्यक्रममा ८ नम्बर वडा अध्यक्ष गौरव सुब्बा (मनोज), अस्पतालका चिकित्सक, कर्मचारी, रोटरीका सदस्यहरू, पत्रकार लगायतको उपस्थितिमा सम्पन्न कार्यक्रमको सञ्चालन रोटरीका सेक्रेटरी ईश्वर अधिकारीले गरेका थिए ।

चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र ३० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला । *भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०,
९८०४७३१५६८, ९८०४५६७८७२

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दु २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं. प्रदेश नेपाल

कर्मचारी करारमा लिने सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति २०७८/२/३१

बाह्रदशी गाउँपालिकाको लागि तोकिएको स्थानमा रही काम गर्ने गरि देहायको पद,संख्या र योग्यता भएको प्राविधिक कर्मचारी र कार्यालय सहयोगी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण,पारिश्रमिक र सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

तपशिल

१) **पद र संख्या :**
क) अ.हे.व (सहायक चौथो) संख्या : २ (दुई)
ख) अ.न.मी (सहायक चौथो) संख्या : २ (दुई)
ग) कायालय सहयोगी (श्रेणी विहिन) संख्या : २ (दुई)

२) **कार्यस्थल :** वार्ड नं. १ को आधारभूत स्वास्थ्य केन्द्र भागुडुब्बा र वार्ड नं. ७ को आधारभूत स्वास्थ्य केन्द्र डाँडा गाउँ

३) **पारिश्रमिक :** गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

४) **योग्यता :**
- नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व को हकमा CMA, अ.न.मी को हकमा ANM विषयमा उत्तीर्ण भएको हुनुपर्ने छ ।
- अ.हे.व र अ.न.मी को हकमा १८ वर्ष पूरा भई ४० वर्ष न नाघेको हुनु पर्नेछ ।
- अ.हे.व को हकमा नेपाल स्वास्थ्य व्यवसायिक परिषद्मा र अ.न.मी को हकमा नेपाल नसिङ परिषद्मा दर्ता भई (म्याद ननाघेको) प्रमाणपत्र हुनुपर्ने छ ।
- का.स को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम् १०औं कक्षा उत्तीर्ण वा सेन्टप पास गरेको प्रमाणपत्र हुनुपर्ने छ ।
- कार्यालय सहयोगीको हकमा १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको हुनुपर्ने छ ।
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।

५) **दरखास्त बुझाउने अन्तिम मिति :** यो सूचना प्रकाशित भएको मितिले ७औं दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय समयभित्र दरखास्त फारम बुझाउनु पर्नेछ ।

६) **दरखास्त संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु :**
- उम्मेदारको व्यक्तिगत विवरण ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
- यस अघि कामको अनुभव भए सो सम्बन्धि कागाजातको प्रतिलिपी ।
- नेपाल स्वास्थ्य व्यसायिक परिषद् वा नेपाल नर्सिंग परिषदमा दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी ।
- पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदारले स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने छ ।
- अ.हे.व र अ.न.मी को हकमा दरखास्त फारम साथमा यस कार्यालयमा रु. ५००/- तिरेको रसिद पेश गर्नु पर्नेछ ।
- कार्यालय सहयोगीको हकमा दरखास्त फारम साथमा यस कार्यालयमा रु. ३००/- तिरेको रसिद पेश गर्नु पर्ने छ ।

७) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता ।

८) **परीक्षा मिति :** पछि अर्को सूचना प्रकाशन गरिनेछ ।

चित्रप्रसाद गुरागाँई : प्रमुख प्रशासकीय अधिकृत

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेप्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको

बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । अतिथिको रूपमा सत्कार पाइने ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । काममा आफन्त र साथीभाइबाट सहयोग मिल्नेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । चुनौति चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । मेहनतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
व्यहारिक समस्याले योजना स्थगन हुने देखिन्छ । मेहनतको नतिजा चित्तबुझ्दो नआउन सक्छ । कामको चाप बढ्नेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला । अध्ययनमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
बेसुरमा बोल्ने बानीले दुख्ख पाइनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । काम बिग्रने डरले सताउनेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । अरूको फाइदाका लागि उपयोग भइने समय छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मेहनतले दैनिकीमा परिवर्तन आउनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
रोकिएका काम बन्ने र नयाँ काम शुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ ।